"पाँचखाल नगर–कृषि शहर"
"Panchkhal Municipal Agriculture City"
# पाँचखाल नगरपालिका
# Panchkhal Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
पाँचखाल, काभ्रेपलाञ्चोक
(Panchkhal, Kavrepalanchok)
बागमती प्रदेश, नेपाल
(Bagmati Province, Nepal)
Phone: 011-499451
Fax: 011-499267

प.सं.(*Ref.*)०७९।८०
च.नं.(*Ch.No.*): २९५

मिति: २०७९।०५।२४

श्री सबै वडा कार्यालय,
पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक ।

विषयः चालु आ.वको प्रथम त्रैमासिक सामाजिक सुरक्षा भत्ता पठाउने सम्बन्धमा।

प्रस्तुत विषयको सन्दर्भमा सामाजिक सुरक्षा नियमावली, २०७६ (प्रथम संशोधन, २०७७) को नियम ९ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ मा कार्तिक मसान्तसम्ममा लाभग्राही परिचयपत्र नवीकरण गरिसक्नुपर्ने व्यवस्था भए तापनि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको प.सं.०७९/८०, च.नं. ९, मिति २०७९।०४।०१ गतेको पत्रको दोस्रो अनुच्छेदमा उल्लेख भए बमोजिम पहिलो त्रैमासिकको लाभग्राही सुची (Forward Feed) निकाल्नुपूर्व नै लाभग्राहीहरुको लाभग्राही परिचयपत्र नवीकरण गरिसक्नु पर्ने व्यहोरा उल्लेख भएनुसार यहि भाद्र मसान्तसम्म नविकरण भइसकेका लाभग्राहीहरुको मात्र प्रथम त्रैमासिकको सामाजिक सुरक्षा भत्ता रकम सम्बन्धित बैंकहरुमा पठाइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । नियमावलीमा व्यवस्था भए अनुसार कार्त्तिक मसान्तभित्र नवीकरणको लागि निवेदन दिनुहुने लाभग्राहीहरुको हकमा नियमानुसार हुनेछ भने सामाजिक सुरक्षा भत्ता प्राप्त लाभग्राहीहरुले नियमानुसार तोकिएको समयसीमा भित्र पनि परिचयपत्र नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा ६ मा उल्लेख भए अनुसार हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

शिव प्रसाद हुमेगाई
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

*बोधार्थः*

१.सूचना प्रविधि शाखा- वेभसाइटमा सूचना अपलोड गरिदिनुहुन ।

२. सूचना अधिकारी – सूचना गरिएको सम्बन्धमा ।

(२) यस दफा बमोजिम प्राप्त निवेदनमा नियमावलीको नियम ५ बमोजिम वडा कार्यालयले छानविन गरी रितपूर्वक भएमा वडा समितिमा पेश गर्नु पर्नेछ। रितपुर्वक कागजात नपुगेको अवस्थामा सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ।

(३) नियमावलीको नियम ६ बमोजिम वडा समितिले प्रारम्भिक छानविन तथा आवश्यक जाँचबुझ गर्दा मनासिव देखिएमा सिफारिससाथ स्थानीय तहको कार्यालयमा पठाउनु पर्नेछ।

(४) स्थानीय तहले प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा निवेदन स्वीकृत गर्नुपर्नेछ।

(५) स्वीकृत निवेदन अनुसारको लाभग्राहीको विवरण १५ दिन भित्रमा अनिवार्य रुपमा प्रणालीमा प्रविष्ट गरी सो को जानकारी सम्बन्धित वडा कार्यालयलाई दिनुपर्नेछ।

४. <u>परिचयपत्र नवीकरणः</u> (१) सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु आ.व. मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची -२ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनमा लाभग्राही स्वयम् उपस्थित भई निवेदन गरेको भए निजको दस्तखत/सहिछाप रुजु गरी वडा समितिमा पेश गर्ने र वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणालीमा प्रविष्टि गरी लाभग्राही परिचयपत्र नवीकरण गर्नु पर्नेछ।

(३) संरक्षक वा माथवर वा स्याहार सुसार गर्ने व्यक्ति मार्फत निवेदन पेश गरेको भए निजको सनाखत गराई वडा सचिवले निवेदन रुजु गरी रित पुगेको भए वडा समितिमा पेश गर्ने र वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणालीमा प्रविष्टि गरी लाभग्राही परिचयपत्र नवीकरण गर्नु पर्नेछ। रित नपुगेको भए लिखित कारण सहित निवेदकलाई फिर्ता गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको निवेदन फाराम स्थानीय तहले वडा कार्यालयबाट निःशुल्क उपलव्ध गराउनु पर्नेछ।

(५) नवीकरण गरिएका लाभग्राहीको अभिलेखको सूची अनुसूची -३ बमोजिमको ढाँचामा राख्नुपर्नेछ।

(६) उपदफा (१) बमोजिमको म्यादभित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिनेछ। निजले पुनःलाभग्राहीमा सूचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिन सक्नेछन्।

५. <u>नवीकरणको विवरण अद्यावधिक गर्ने:</u> (१) स्थानीय तहले प्रत्येक आर्थिक वर्षको लागि कार्तिक मसान्तभित्र नियमावलीको नियम ९ बमोजिम लाभग्राहीको नवीकरणको अभिलेख अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्नेछ।

८. **परिचयपत्र उपलब्ध गराउनु पर्ने:** (१) ऐन तथा यस नियमावली बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिलाई सम्बन्धित स्थानीय तहले अनुसूची–२ बमोजिमको ढाँचामा सामाजिक सुरक्षा परिचयपत्र निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको परिचयपत्रको मान्य अवधि एक आर्थिक वर्षको हुनेछ ।

(३) उपनियम (१) बमोजिमको परिचयपत्र हराएमा वा नासिएमा सम्बन्धित स्थानीय तहबाट प्रतिलिपि लिन सकिनेछ र यसरी प्रतिलिपि लिनु पर्दा एकसय रुपैयाँ शुल्क लाग्नेछ ।

९. **नवीकरण गर्ने:** (१) नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको *कात्तिक मसान्तभित्र नवीकरणको लागि सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफैं उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिका वा आफैं उपस्थित हुन नसक्ने व्यक्तिको हकमा नियम ५ को उपनियम (२) बमोजिमको व्यक्तिले त्यस्तो निवेदन दिन सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम परेको निवेदन सम्बन्धमा सम्बन्धित वडा समितिले नियम ६ को उपनियम (१) बमोजिम जाँचबुझ गरी त्यस्तो परिचयपत्र नवीकरण गरी दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम परिचयपत्र नवीकरण गरिएको विवरण अद्यावधिक गरी सम्बन्धित वडा कार्यालयले सोको जानकारी स्थानीय तहलाई दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम जानकारी प्राप्त भए पछि स्थानीय तहले सोको विवरण अद्यावधिक गर्नु पर्नेछ ।

१०. **सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रक्रिया र माध्यम:** (१) ऐन तथा यस नियमावली बमोजिम वितरण गरिने सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिलाई चौमासिक रुपमा वितरण गर्नु पर्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग